# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

उपत्यका विकास प्राधिकरणद्वारा संचालित दिव्येश्वरी जग्गा एकीकरण आयोजनामा सव-इन्जिनियर पदमा कार्यरत **कुमार पौड्यालले** पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा निज कुमार पौड्यालले मिति २०५१/०१/०९ गतेदेखि मिति २०८०/०३/३१ गतेसम्मको अवधिलाई जाँच अवधिमा निजले आर्जन गरेको वैघ आयमा तलबी पारिश्रमिक, वैठक भत्ता, निज तथा निजको परिवारको नाममा रहेको जग्गा बिक्री आय, विमा परिपक्व आय, लाभांश, ऋण कर्जा आय, ब्याज आय, औषधी उपचार आय, कृषि आय, संचित विदाको आय, निजका छोरा र छोरीको पारिश्रमिक रकम गरी जम्मा कूल वैध आय रु. २,५८,९७,३२४।७५ (अक्षेरेपि दुई करोड अन्ठाउन्न लाख सन्तानब्बे हजार तीन सय चौबीस रुपैयाँ र पैसा पचहतर मात्र) रहेको र उक्त अवधिमा निजले घर निर्माण खर्च, जग्गा खरिद,अध्ययन खर्च, पिस ब्याङकुट एण्ड रेष्टुरेन्ट प्रा.लि.मा लगानी, सवारी साधन खरिद, शेयर खरिद, ऋण सापटी भुक्तानी, सुन खरिद, विमा प्रिमियम भुक्तानी  र बैंक मौज्दात रकम गरी जम्मा कूल व्यय रु. ६,२२,१८,५३२।२५ (अक्षरेपि छ करोड बाइस लाख अठार हजार पाँच सय बत्तीस रुपैयाँ र पैसा पच्चीस मात्र) रहेको देखिँदा कूल आय रकममा कूल व्य रकम घटाउँदा **रु.३,६३,२१,२०७।५० (अक्षरेपि तीन करोड त्रिसठ्ठी लाख एकाइस हजार दुई सय सात रुपैयाँ र पैसा पचास मात्र) ऋणात्मक रही गैर कानुनी रुपमा सम्पति आर्जन गरेको पुष्टि हुन आएको** र निजको उक्त कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिएबमोजिमको कसुर भएको हुँदा प्रतिवादी कुमार पौड्याललाई बिगो रु.३,६३,२१,२०७।५० (अक्षेरपि तीन करोड त्रिसठ्ठी लाख एकाइस हजार दुई सय सात रुपैयाँ र पैसा पचास मात्र) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र जरिवाना हुनका साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको रु.३,६३,२१,२०७।५० (अक्षेरपि तीन करोड त्रिसठ्ठी लाख एकाइस हजार दुई सय सात रुपैयाँ र पैसा पचास मात्र) मूल्य बराबरको सम्पत्ति जफत गरी पाउन मागदावी लिइएको छ।

साथै, प्रतिवादी कुमार पौड्यालले सार्वजनिक सेवाको पदमा रहँदाका गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको सम्पती र सो बाट बढे बढाएको सम्पति समेत आफ्नो श्रीमती विष्णु मैया पौड्यालका नाममा राखेको देखिएको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानून बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज विष्णु मैया पौड्याललाई प्रतिवादी कायम गरी आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल